# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२) फागुन २०७१, अङ्क-५

## यस अङ्क भित्र

पेज १. विभागिय सन्देश: विद्यालय व्यवस्थापनमा सुदृढीकरण !

जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण ३० जिल्लाहरूमा सम्पन्न !

पेज २,३. विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न सञ्चालित जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षणको अनुभवहरू !

पेज ४. कपिलवस्तु जिल्लामा संयुक्त अनुगमन एक अनुभव !

आगामी दिनका गतिविधिहरू !





## विद्यालय व्यवस्थापनमा सुदृढीकरण !

*डा. दिल्ली राम रिमाल*
*महानिर्देशक, शिक्षा विभाग*



शिक्षा मानव जीवनको सर्वाङ्गीण विकासका लागि अपरिहार्य आधारभूत आवश्यकता हो । गुणस्तरयुक्त, व्यवहारिक र जीवनोपयोगी शिक्षाको माध्यमबाट स्तरीय जीवनयापन सम्भव हुन्छ । नेपालमा शिक्षाको पहुँचमा उल्लेखनीय सुधार भएतापनि शैक्षिक गुणस्तरमा सुधार ल्याउन अझै थप प्रयासको आवश्यकता महसुस गरिएको छ ।
यसै सन्दर्भमा, गुणस्तरीय शिक्षामा समतामूलक पहुँच एवम् विद्यालय व्यवस्थापनमा सुधार गर्न जोड दिँदै विद्यालय क्षेत्र सुधार कार्यक्रमले शैक्षिक गुणस्तर सुनिश्चितताका लागि ठोस नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । सबैका लागि शिक्षा राष्ट्रिय अभियान सफल पार्न सरकारको एकल प्रयासबाट मात्र सम्भव छैन । यसका लागि सरकारी, गैर सरकारी एवम् समुदाय तथा विकास साझेदारहरूसमेतको सामूहिक प्रयासको टड्कारो आवश्यकता महसुस गरिएको छ । यस सिलसिलामा विद्यालय शिक्षाको व्यवस्थापनका विविध पक्षमा सुधार ल्याउन सिसम२ परियोजनाले केन्द्रदेखि स्थानीय तहसम्मका शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । विकेन्द्रित शैक्षिक योजना तर्जुमाको अवधारणाअनुरूप विद्यालय व्यवस्थापनमा सुधार गर्न परियोजनाका क्रियाकलापहरू केन्द्रित छन् । चालु आर्थिक वर्ष २०७१/७२ देखि, यस परियोजनाले मुलुकका सबै विद्यालयहरूमा विद्यालय सुधार योजना तर्जुमा तथा अद्यावधिक कार्यमा प्राविधिक एवम् वित्तीय सहयोग पुऱ्याउँदै आएको छ । साथै केन्द्रीय, क्षेत्रीय, जिल्ला, स्रोतकेन्द्र तथा विद्यालय तहसम्म तहगत ढाँचा (Cascade Model) मा आधारित सरल एवम् व्यवहारिक ढङ्गबाट योजना तर्जुमा सम्बन्धी प्रशिक्षक प्रशिक्षण तथा तालिम सामग्री निर्माणमा परियोजनाले शिक्षा विभागसँग सहकार्य गर्दै आएको छ ।
यसबाट सबै विद्यालयहरूले विकेन्द्रित योजनाको मर्मअनुरूप योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयन गरी विद्यालय व्यवस्थापनमा सुधारका माध्यमबाट शैक्षिक गुणस्तरमा अभिवृद्धि हुने विश्वास लिएको छु । विभिन्न तहमा तर्जुमा हुने शैक्षिक योजनाहरूबिच अन्तरसम्बन्ध कायम गर्न तथा विद्यालय व्यवस्थापन सुधारका क्षेत्रमा निरन्तर सहकार्य गर्दै नेपालको शैक्षिक विकासमा योगदान गर्न यस परियोजनाका आगामी कार्यक्रमहरूले सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

## ३० जिल्लाहरूमा विद्यालय सुधार निर्माण तथा अद्यावधिक विषयमा क्षमता अभिवृद्धि गर्न जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण सम्पन्न !

सिसम२ परियोजनाको सहयोगमा मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका ३० जिल्लाहरूमा २०७१ मंसिरदेखि फागुनसम्ममा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक सम्बन्धी तिन दिने जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण सम्पन्न भइसकेको छ । यस प्रशिक्षक प्रशिक्षणको अपेक्षित उद्देश्य प्राप्ति र तालिमको सफल कार्यान्वयनमा सम्बन्धित जिल्लाका जिल्ला शिक्षा अधिकारी (जिशिअ), सहायक जिल्ला शिक्षा अधिकारी (सजिशिअ), शाखा अधिकृत, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शिक्षक, कर्मचारीहरू लगायतका सहभागीहरूले लगनशिलताका साथ ज्यादै मिहेनत गर्नु भएको थियो । यसको लागि सिसम२ परियोजना सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

शिक्षा विभाग र सिसम२ परियोजनाको संयुक्त टोलीले डडेलधुरा, संखुवासभा, कालिकोट, भक्तपुर र कपिलवस्तु जिल्लामा जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षणको सघन रूपमा अनुगमन गरेको थियो । उक्त अनुगमन टोलीमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय एवम् सिसम२ का सदस्यहरू संलग्न थिए । त्यसै गरी सोही ५ जिल्लाहरूमा सञ्चालन हुने स्रोतकेन्द्र तथा विद्यालय स्तरीय कार्यशालाको पनि यही फागुनदेखि चैत महिनामा संयुक्त अनुगमन गर्ने कार्यक्रम रहेको छ ।
यस अङ्कमा मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका ६ जिल्लामा सञ्चालित प्रशिक्षक प्रशिक्षणका अनुभवहरू प्रस्तुत गरिएको छ । साथै जिशिका कपिलवस्तुमा सञ्चालित प्रशिक्षक प्रशिक्षण कार्यक्रमको संयुक्त अनुगमनको बारेमा शिक्षा विभाग, कार्यक्रम तथा बजेट शाखाका शाखा अधिकृत श्री अर्जुन ढकालको अनुभवहरू प्रस्तुत गरिएको छ ।

## काभ्रेपलाञ्चोकः यमुना पोखरेल, विद्यालय निरीक्षक



"योजना साथमा सफलता हातमा" भन्ने कुरा त्यतिवेला मात्र सार्थक हुन्छ, जब योजनाको प्रभावकारी कार्यान्वयनले मूर्त रूप लिन सक्दछ । योजनाको प्रभावकारी कार्यान्वयन त्यति बेला हुन्छ जब सम्बन्धित सरोकारवालाहरूले योजना निर्माणमा आफ्नो प्रत्यक्ष सहभागिता जनाई अपनत्व महसुस गर्दछन् । विद्यालयको समग्र विकासको लागि विद्यालयमा विकेन्द्रिकृत ढाँचामा योजनाबद्ध सुधार अभ्यासलाई कार्यरूप दिन विगत २०५८/५९ सालदेखि सबै विद्यालयहरूमा विद्यालय सुधार योजना कार्यान्वयनमा ल्याइएको थियो । यस वर्ष जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको प्राविधिक सहयोगमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिकको लागि क्षमता विकास तालिम सञ्चालन भइरहेको छ । यो तालिमको ढाँचा हेर्दा यसले विद्यालय सुधार योजना निर्माणमा सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरेको छ । त्यसैले विद्यालय स्तरमा विगत वर्षहरूमा अपनाइएका तालिमका विभिन्न ढाँचा मध्ये क्यासकेड ढाँचा एक प्रभावकारी माध्यम बन्न सक्ने देखिन्छ ।

विद्यालय सुधार योजना, विद्यालयका सरोकारवालाहरूको सहभागितामा आवश्यकता पहिचान गरी योजना निर्माण र कार्यान्वयन गर्ने विधि हो जुन एक शैक्षिक योजनाको विकेन्द्रिकृत स्वरूप पनि हो । वर्तमान अवस्थामा विद्यालय सुधार योजनालाई विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) द्वारा निर्धारित अधिकांश लक्ष्यहरू पुरा गर्न सक्षम सुधार संयन्त्रका रूपमा आत्मसात् गरिएको छ । यस विधिमा आवश्यक विषयबस्तुलाई समेटी विसुयो निर्माण गरी सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरिन्छ । मेरो अनुभवमा, शिक्षासँग सम्वन्धित तालिमका विभिन्न ढाँचाहरू मध्ये सिसम२ द्वारा प्रयोगमा ल्याइएको क्यासकेड ढाँचा एक उपयुक्त माध्यम हो । यस ढाँचाका सम्वन्धमा यसै वर्ष संचालन गरिएको क्षेत्रीय प्रशिक्षक प्रशिक्षण र जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणमा सहभागी भई अनुभव हासिल गर्ने अवसर प्राप्त भयो ।

यस ढाँचामा केन्द्रिय तहदेखि क्षेत्रीय, जिल्ला, स्रोतकेन्द्र हुँदै विद्यालय तहसम्म एउटै मोडेलमा सम्वन्धित विषयवस्तुहरू जस्ताको तस्तै प्रस्तुत गरिंदो रहेछ । तालिम सञ्चालन पूर्वको पूर्ण तयारी, पूर्ण तथा पर्याप्त तालिम सामग्री, सहजकर्ताको प्रभावकारी सहजीकरण सिप, क्रियालापहरूको योजनावद्ध शृङ्खला, तिनको वस्तुपरक र व्यवहारिक प्रस्तुति, वास्तविक सूचनाको आधारमा खेसा विद्यालय सुधार योजना निर्माण, सहभागीहरूको सक्रिय सहभागिता, समयको पूर्ण परिपालना, हरेक दिनको सेसन समाप्तिपश्चात तालिमको समीक्षा, भोलिको लागि कार्य विभाजन लगायत प्रभावकारिताको लागि रणनीति निर्माणका पक्ष र सवालहरू मेरा लागि गहकिला सिकाइ बने ।

## मकवानपुरः खेमनन्द भुषाल, सजिशिअ



जिशिअ श्री गणेशप्रसाद पौडेलको नेतृत्व, श्री खेमनन्द भुषाल तथा श्री कृष्णप्रसाद पौडेलको सहजीकरण र सिसम२ का प्रतिनिधि श्री चन्द्रमान जोन्छेको प्राविधिक सहयोगमा ३ दिने जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम जिल्ला शिक्षा कार्यालय, मकवानपुरमा हालै सञ्चालन भइ सम्पन्न भएको थियो । यस तालिममा सिद्धार्थ उच्च माध्यमिक विद्यालयका प्रधान अध्यापक श्री मोहन प्रसाद शर्माले प्रस्तुत गर्नु भएको सूचना तथा तथ्याङ्कको आधारमा विद्यालयको वर्तमान अवस्थाको विश्लेषण गरी मुख्य समस्याहरूको पहिचान र प्राथमिकीकरण गरियो । तिनै सुचनामा केन्द्रित भई सहभागीहरूबाट सैद्धान्तिक ज्ञान र व्यवहारिक अभ्यासका साथ सम्भावित कार्यक्रमहरू तय गरी विसुयोको रूपरेखा तयार गरियो । यसको अलावा, सहभागीहरूले सिसम२/जाईकाको प्राविधिक सहयोगमा शिक्षा विभागले उत्पादन गरेका विसुयो निर्माण एवम्, विद्यालय स्तरीय कार्यशाला गोष्ठी सञ्चालन सहयोगी पुस्तिका, स्वमूल्याङ्कन चेकलिष्ट, तालिम सञ्चालनका मार्ग निर्देशन लगायत सन्दर्भ सामग्रीहरू कसले, किन र कसरी प्रयोग गर्ने भन्ने बारे सघन रूपमा जानकारी हासिल गरे ।

सहभागीहरूले यस तालिम कार्यक्रमलाई विगतमाभन्दा फरक प्रकारको भएको महसुस गरेको थिए । यस जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणमा जिशिकाका सजिशिअ, अन्य अधिकृतहरू लगायत सम्पूर्ण स्रोतव्यक्ति, विनिहरूले पुरै तिन दिन विद्यालय सुधार योजनामा केन्द्रित भई आफ्नो समय दिएका थिए । यस कार्यक्रमले विद्यालय सुधार योजना निर्माण गर्ने कार्यका लागि सम्बन्धित व्यक्तिहरूको क्षमता विकासमा प्रभावकारी भूमिका खेलेको महसुस पनि उनीहरूले गरे । साथै सहभागीहरूले विद्यालय सुधार योजना निर्माणको औचित्य पनि राम्ररी बोध गरे । हामी यसमा विश्वस्त छौं कि हाम्रा अभिभावकहरूले आफ्ना बालबालिकाको सिकाइप्रति चासो लिएर विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयनमा उत्प्रेरित भई सक्रिय सहभागिता जनाउने छन् । प्रत्येक विद्यालयहरूलाई सहयोगी पुस्तिका र अन्य आवश्यक सामग्रीहरूको व्यवस्था र उपलब्ध गराइएको हुँदा विद्यालय तहसम्म कार्यशालाका सहजकर्ताहरू जस्तै प्रधानाध्यापक र विव्यस प्रतिनिधिलाई कार्यशाला सञ्चालन गर्न सजिलो हुनेछ । यही फागुन महिनादेखि जिल्लाका अठार वटै स्रोत केन्द्रमा स्रोतकेन्द्र स्तरको र चैत्र महिनासम्ममा विद्यालय स्तरीय कार्यशाला सञ्चालन भई सक्नेछ । ततपश्चात आगामी जेठ महिना भित्र ५२० वटै विद्यालयरूले आ-आफ्नो विद्यालयको विद्यालय सुधार योजना निर्माण गरिसक्ने अनुमान गरिएको छ ।

## गोरखाः जनार्दन रिजाल, सहायक जिल्ला शिक्षा अधिकारी,



विगत २०५६ देखि नै विद्यालय सुधार योजनालाई शिक्षाको क्षेत्रमा स्थानीय स्तरको योजना तर्जुमाको एक विधिको रूपमा लिँदै आइरहेको छ । जसअनुरूप जिशिका गोरखाले पनि हालै तिन दिने जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण सफलतापूर्वक सम्पन्न गर्‍यो । यस जिल्लाका जिल्ला शिक्षा अधिकारी श्री हरिप्रसाद अर्यालको कुशल नेतृत्व र सहजीकरणले यस तालिमका सत्रहरू ज्यादै प्रभावकारी र सफल भएको महसुस गरिएको थियो ।

*तालिमको सहभागीहरूका अभिव्यक्तिहरूः*

- विसुयोबारे विस्तृत जानकारी भई विषयवस्तु प्रष्ट भएको ।
- अति व्यवहारिक,आचार संहिता बनाई त्यसको पालनसमेत गरिएको ।
- सहजकर्ताहरूमा विषयबस्तुको प्रस्तुति सरल र प्रष्ट गर्ने सिप राम्रो भएको ।
- विसुयोका विभिन्न विषय र उठेका सवालहरूको पुष्ट्याँइहरूमा जिशिअको प्रभावकारी भूमिका भएको ।
- कार्यक्रम ज्यादै रोचक एवम् सहभागीहरूको सक्रिय सहभागिता रहेको ।
- बजेटको कमिले गर्दा यस कार्यक्रम जस्तै स्रोतकेन्द्र र विद्यालय स्तरीय कार्यशाला सञ्चालन चुनौतीपूर्ण हुन सक्ने देखिएको ।
- कुनै विषयबस्तुमा केही थप छलफल गर्नु पर्दा समयावधि छोटो भएको ।

*मेरो व्यक्तिगत अनुभवः*

- यस कार्यक्रममा सिकाई स्तर हासिल गर्न विभिन्न उमेर समूह (युवा र प्रौढ) सहितको विद्यालयका प्रधान अध्यापकदेखि जिशिकाका सजिशिअ, विनि, स्रोतव्यक्तिहरू समावेश भएक हुँदा सहभागीहरूमा विविधता रहेको ।
- प्रत्येक दिनको सबै सत्रहरूमा जिशिअको पूर्ण, सहज र सक्रिय सहभागिता रहेको ।
- सहभागीहरूको सक्रिय सहभागितामा विद्यालयको वर्तमान अवस्थाको तथ्याङ्क र सूचनाको आधारमा विसुयो निर्माण गर्नु पर्छ भन्ने भावना मुखरित भएको ।
- सिसमका टोलीहरूको सकारात्मक उत्प्रेरणा रहेको ।

समग्रमाः विद्यालयको वर्तमान अवस्था र आवश्यकता पहिचान गरी विसुयो तर्जुमा गर्ने कार्य एक चुनौतीपूर्ण छ । यसका बावुजुद विसुयो निर्माणका लागि यस प्रशिक्षण सफलताका साथ सम्पन्न भयो । हामी आशावादी छौं कि आगामी दिनमा सबै विद्यालयहरूले आवश्यकतामा आधारित विसुयोको निर्माण गर्ने छन् ।

## सर्लाही: रामहरि रिजाल, सजिशिअ



हामीले ३५ जनाको सहभागितामा तिन दिने जिल्लास्तरीय प्रशिक्षण प्रशिक्षण कार्यक्रम सम्पन्न गर्‍यौं । अति मिहेनत र सरलढङ्गबाट तयार गरिएको मार्ग दर्शन (OG-2) अनुसार सत्रहरूका सहजीकरण गरिएको हुँदा जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण ज्यादै प्रभावकारी भएको थियो । जिल्लाका सहजकर्ताहरूको टोली र सिसम२ का प्रतिनिधि चन्द्रमान जोन्छे र रोजन महर्जनको अथक प्रयासले यस प्रशिक्षक प्रशिक्षण सफलताका साथ सम्पन्न भएको थियो । यस कार्यक्रमले सहभागीहरूलाई स्रोतकेन्द्र स्तरीय कार्यशाला सञ्चालन गर्नमा सक्षम बनाएको छ । विगतमा विद्यालय सुधार योजना भौतिक पूर्वाधारमा मात्रै केन्द्रित हुन गई योजना माग पत्र मै सिमित रहन्थ्यो । विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा आएपछि हरेक वर्ष विद्यालय सुधार योजना सुदृढीकरणका लागि विद्यालयहरूलाई एक हजार रूपैयाँ अनुदान दिने गरिए पनि यस प्रकारको क्षमता अभिवृद्धि कार्यक्रम नहुँदा विसुयोको प्रभावकारी कार्यान्वयनमा समस्या देखिने गर्थ्यो ।
शिक्षा विभागबाट तयार गरिएको विद्यालय सुधार योजना सहयोगी पुस्तिकाको उपलब्धताको बावजुद पनि पछिल्लो ८ वर्षको अवधिमा सर्लाहीमा विसुयो निर्माण तथा अद्यावधिक गर्ने कार्यलाई मूर्त रूप दिन सकिरहेको थिएन यसको कारणहरूमा विसुयो तर्जुमामा गर्ने व्यवहारिक ज्ञानको कमी र उपयुक्त तालिम सञ्चालन नहुनु थियो । यसै वर्ष सिसम२ परियोजनाले प्रत्येक विद्यालयमा विसुयो सम्बन्धी तालिम र त्यसको लागि आवश्यक पुस्तिका र तालिम सामग्री वितरणमा सहयोग प्रदान गरको छ । अब स्रोतकेन्द्र तथा विद्यालय स्तरमा सञ्चालन गरिने कार्यशालापश्चात विद्यालय सुधार योजना निर्माण हुनेछ भन्नेमा हामी विश्वस्त छौं । यस जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षणमा स्रोतकेन्द्र स्तरीय कार्यशालाको कार्ययोजना पनि तयार गरी सकिएको छ र सोहीअनुसार स्रोत केन्द्रहरूमा कार्यशाला सञ्चालन गरिने छन् । सिसम२ परियोजनालाई धन्यवाद दिँदै सिसम२को अनुकरणीय व्यवस्थापन अवलम्बन गरी सर्लाहीमा क्षमता अभिवृद्धिको लागि प्रभावकारी एवम् व्यवहारिक तालिम सञ्चालन गरिने छ । हामीलाई आशा छ यस कार्यक्रम पश्चात यस जिल्लाका सबै विद्यालयहरूले वास्तविकतामा आधारित विद्यालय सुधार योजना तयार गर्ने छन् ।

## पर्वत: राम प्रसाद शर्मा, शाखा अधिकृत



जिल्ला शिक्षा कार्यालय, पर्वतका प्रशिक्षक द्वय सजिशिअ श्री नेत्रप्रसाद सापकोटा र शाखा अधिकृत श्री रामप्रसाद शर्माद्वारा सहजीकृत र सिसम२ का श्री विष्णुप्रसाद आचार्य र श्री बसुधा गौतमको प्राविधिक सहयोगमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक सम्वन्धी जिल्ला प्रशिक्षक प्रशिक्षण हालै सम्पन्न भयो । प्रशिक्षण कार्यक्रममा विद्यालय सुधार योजना के हो ? विसुयो आवश्यकता यसको निर्माण तथा अद्यावधिक कसले, कहिले र कसरी भन्ने विषयमा सैद्धान्तिक ज्ञान दिई व्यवहारिक अभ्यास पनि गरिएको थियो । यस जिल्लाको बालमन्दिर प्राथमिक विद्यालयको तथ्याङ्कलाई आधार बनाएर विद्यालयको वर्तमान अवस्था पहिचान गरी सोहीअनुसार विद्यालयका समस्याहरू माथि केन्द्रित भई विद्यालय सुधार योजनाको रूपरेखा तय गर्ने कार्य गरिएको थियो ।
विकेन्द्रिकृत शैक्षिक योजनाको एक अङ्गका रूपमा कार्यान्वयनमा ल्याइएको विद्यालय सुधार योजनालाई विद्यालय सङ्गठन भित्रको संस्थागत योजना तथा शैक्षिक व्यवस्थापनको सबैभन्दा स्थानीय तहमा बन्ने सूक्ष्म योजना अभ्यासका रूपमा अवलम्वन गरिएको छ । विद्यालय सुधार योजना आफ्नो विद्यालयलाई राम्रो विद्यालय बनाउने, विद्यालयमा राम्रो शिक्षण गर्ने र विद्यार्थीहरूलाई राम्रो सिकाइ सुविधा व्यवस्था गर्ने जस्ता मुख्य पक्षहरूमा केन्द्रित आवधिक शिक्षा योजना हो । यसको मुख्य उद्देश्य विद्यालयका अभिभावकहरू, समाजसेवीहरू, शिक्षाप्रेमी, विद्यार्थीहरू लगायत सम्पूर्ण सरोकारवालाहरूलाई योजना निर्माणमा सक्रिय रूपमा संलग्न गराउनु, योजनामा अपनत्वको भावनामा वृद्धि गरी विद्यालयको सर्वाङ्गीण विकास गर्ने दीर्घकालीन एवम् नियमित अभ्यास स्थापित गर्नु हो । यस तालिम पश्चात जिल्लाका १६ वटै स्रोतकेन्द्रमा १८ समूहमा स्रोतकेन्द्र स्तरीय कार्यशाला यही फागुन महिनामा सञ्चालन हुनेछ भने चैत्र महिना भरिमा विद्यालय स्तरीय कार्यशाला सम्पन्न गरी गराई वैशाख महिनाभरिमा सबै विद्यालयहरूले आ-आफ्नो विद्यालयको विद्यालय सुधार योजना निर्माण गरिसक्ने विश्वास गरिएको छ ।

## तनहुँ: भरतराज बराल, विद्यालय निरीक्षक



विद्यालय सुधार योजना सम्बन्धी हालै सम्पन्न जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षणमा सहभागीहरूले स्थानीय तह, विशेष गरी विद्यालयमा देखिएका सवाल तथा उनीहरू आफैले भोगिरहेका चुनौतीहरूका विषयमा व्यापक रूपमा छलफल गरेका थिए । प्रशिक्षणको नियमित दैनिक तालिकाअनुसार तिन दिनसम्म सम्पूर्ण सहभागीहरूले सक्रिय रूपमा सहभागी भई योजना निर्माण सम्बन्धमा आ-आफ्ना अनुभव आदान प्रदान गरेका थिए । उनीहरूले विद्यालय स्तरीय कार्यशाला कसरी सम्पन्न गर्ने तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमको लक्ष्यअनुसार विद्यालय सुधार योजनाको माध्यमबाट कसरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार गर्न सकिन्छ भन्ने विषयमा गहन छलफल गरेका थिए । प्रधानाध्यापकबाट प्रस्तुत गरिएको आफ्नो विद्यालयको तथ्याङ्कमाथि गरिएको विश्लेषणले प्रशिक्षक प्रशिक्षणलाई अझै यथार्थपरक तथा व्यवहारिक बनाएको थियो । यस कार्यक्रमका सहभागीहरूले विभिन्न विषयवस्तुहरूलाई प्रष्ट पार्न समुह छलफल र हातबाट तयार पारिएका तालिम सामग्री प्रयोग अति उत्तम भएको महसुस गरे जसले विसुयोका विषयवस्तुहरूलाई प्रभावकारी ढङ्गबाट प्रष्ट गरेको थियो । यस जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षणबाट सहभागीहरू सन्तुष्ट हुनुका साथै स्रोतकेन्द्र तथा विद्यालयस्तरीय कार्यशाला सञ्चालन गर्नका लागि थप उत्साहित भई प्रतिबद्धतासमेत जनाएका थिए ।

*प्रमुख उपलब्धिहरू:*

- सहभागीहरूले सामूहिक सहजीकरण र तालिम सामग्रीको सरल ढङ्गले प्रस्तुती प्रभावकारी भएको महसुस गरे ।
- कार्यशालाका लागि प्रदान गरिएको तालिम सामग्रीले विसुयोका विषयवस्तुहरू समेटिएको र यसबाट सहभागहरूले योजना निर्माण गर्न सक्षम भएको ।
- विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिकाले सरल र कार्यान्वयन गर्न सकिने विद्यालय सुधार योजना बनाउनमा सघाउनुका साथै उपयुक्त ढाँचाका बारेमा जानकारी दिएको ।
- प्रशिक्षणका सहभागीहरूले विद्यालय सुधार योजना निर्माणका आवश्यक आधारभूत ज्ञान उपलब्ध गरेका अभिव्यक्ति व्यक्त गरेको ।
- सहभागीहरू यस तालिमबाट धेरै नै उत्साहित भएको ।
- विद्यालय सुधार योजनाले गाउँ शिक्षा योजना तथा जिल्ला शिक्षा योजना बनाउनका लागि आधारभूत जानकारी दिने कुरा सहभागीहरूले महसुस गरेको ।
- समग्रमा यस प्रशिक्षणले विद्यालय व्यवस्थापनका साथै विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउन सहयोग पुर्‍याउने अपेक्षा गरिएको ।

*भविष्यमा*

- जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षणमा तयार गरिएअनुसार स्रोतकेन्द्र स्तरीय कार्यशाला सञ्चालन गर्ने ।
- स्रोतकेन्द्र स्तरीय कार्यशालाको प्रभावकारी अनुगमन गर्ने ।
- यस आर्थिक वर्ष २०७१/७२ मा यस जिल्लाका सबै ५१३ विद्यालयमा विसुयो निर्माण र अद्यावधिक गर्ने ।

## जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षणको संयुक्त अनुगमनः एक अनुभव

*- अर्जुन ढकाल, शाखा अधिकृत,*
*कार्यक्रम तथा वजेट शाखा,*
*शिक्षा विभाग*

अनुगमन एक महत्त्वपूर्ण विधि हो जसले कार्यक्रमको प्रभावकारितामा सघाउँदछ । अनुगमनले कार्यक्रमको अवस्था, कार्यान्वनमा देखिएको चुनौती तथा समस्या समाधानमा मदद्त गर्दछ । यसले कार्यक्रमको लक्ष्य तथा उद्देश्य प्राप्तिको सुनिश्चितता गर्दछ । नेपालमा विकेन्द्रीकृत शैक्षिक योजना तर्जुमा अन्तर्गत विगत धेरै बर्षअघि देखि सबै विद्यालयहरूमा विसुयो तर्जुमा गरिँदै आइरहेको भएतापनि अपेक्षित परिणाम दिन सकिरहेको थिएन । यसको मूल कारणहरूमा क्षमता विकास कार्यक्रमहरूमा स्रोतको अनिश्चितता र अन्य शैक्षिक योजनाबिच अर्न्तसम्बन्ध कायम गर्न नसकिनु रहेका छन् ।



तसर्थ, नेपाल सरकारले तहगत तालिमको अवधारणालाई अनुसरण गरी विद्यालयले विसुयो तर्जुमा तथा अद्यावधिक गर्न क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न थालनी गरेको छ । यस आ.व.२०७१/७२ बाट केन्द्रीय तहदेखि विद्यालय तहसम्म विसुयो योजना तर्जुमा तथा अध्यावधिक गर्ने उद्देश्यले क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन भइरहेको छ । यसै क्रममा क्षेत्र स्तरीय प्रशिक्षक प्रशिक्षण तालिमपश्चात सिसम२ को प्राविधिक सहयोगमा विभिन्न ६९ जिल्लाका जिल्ला शिक्षा कार्यालयहरूलाई तालिम सामग्री उपलब्ध गराइएको थियो भने मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका ३० जिल्लाहरूमा जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू सिसम२ परियोजनाको प्राविधिक -सहयोगमा सफलताकासाथ गत मङ्सीरदेखि फागुनको दोस्रो हप्ता सम्ममा सञ्चालन गरिसकिएका छन् । यसको अलावा, पूर्वाञ्चल, मध्य पश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चलका ३९ जिल्लाहरूमा पनि जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन भइरहेका छन् ।



जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमको समयमा पश्चिमाञ्चलका क्षेत्रीय शिक्षा निर्देशक माया राई, शिक्षा विभागका शाखा अधिकृत अर्जुन ढकाल तथा सिसम२ परियोजनाका प्राविधिक सल्लाहकार मासामी वातानाबेको संयुक्त टोलीले यही माघको २०-२२ गते सम्म जिशिका कपिलबस्तुमा सञ्चालित प्रशिक्षक प्रशिक्षणको सघन रूपमा निरीक्षण तथा अनुगमन गरेको थियो । शिक्षा मन्त्रालयका सहसचिव श्री सूर्यप्रसाद गौतमको अध्यक्षतामा, उपसचिव द्वय कृष्णप्रसाद ढुङ्गाना र लक्ष्मी खड्कासमेतको टोलीले यस प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटनमा सहभागी भई सहभागीहरूसँग अन्तरकृया गरेको थियो । उक्त प्रशिक्षक प्रशिक्षणमा स्रोतव्यक्ति, विद्यालय निरीक्षक, प्रधान अध्यापक एवम् जिशिकाका कर्मचारीहरू गरी जम्मा ३२ जनाको सहभागिता रहेको थियो ।

**क.कार्यशाला सञ्चालनका उल्लेखनीय पक्षहरू**

- कार्यशालामा बसाई र तालिम सामग्री प्रबन्धका पक्षहरू व्यवस्थित हुनुको साथै सहभागीहरूको सक्रिय सहभागिता रहेको ।
- तालिम सामग्रीहरूको व्यवस्था प्रभावकारी रहेको, कार्यक्रममा अनुगमनकर्ताहरूको उपस्थितिले सहभागीहरू ज्यादै उत्साहित भएका, सहजकर्ताहरूबाट विषयवस्तुमा गरिएको सहजीकरण उल्लेखनीय रहेको ।
- शिक्षा मन्त्रालयको अनुगमन टोलीका प्रमुखले कार्यक्रमको उद्घाटन सत्रमा शैक्षिक ऐन, नीति तथा कार्यक्रमका सन्दर्भमा सहभागीहरूले राख्नु भएका जिज्ञासाहरूलाई प्रष्ट पार्नु भएको थियो जसले सहभागीहरूमा थप उर्जा प्राप्त भएको ।
- कार्यशालामा सहभागीहरूको नियमित, सक्रिय सहभागिता र विषयवस्तुप्रतिको गहन अध्ययन उल्लेखनीय रहेको ।
- यस कार्यक्रमले स्रोतकेन्द्र तथा विद्यालय स्तरीय कार्यशालाका विषयवस्तुहरूको बुझाइमा एकरूपता कायम भई सोहीअनुसार कार्यशाला सञ्चालन पश्चात विसुयो तर्जुमा र अद्यावधिक हुने अपेक्षा गरिएको ।

**ख.कार्यशालाका सुधारात्मक पक्ष**

- कार्यशालामा व्यक्तिगत भन्दा पनि सामुहिक उदाहरणहरू उल्लेख गर्नु पर्ने र विसुयोका विषयवस्तुहरू सान्र्दभिक, यथार्थपरक र सरल हुनु पर्ने ।
- सहजकर्ताहरूले सर्न्दभ सामग्रीहरूको राम्रो तयारी गरी सोहीअनुसार सहजीकरण गर्दा राम्रो ।
- सहभागीहरूको समानुपातिक र पूर्ण सहभागिता कायम गर्न सबैका लागि उपयुक्त स्थान चयन गरी कार्यशालाका सत्रहरू सञ्चालन गर्नु उपयुक्त हुने ।
- सहभागीहरूलाई तालिमका विषयबस्तु राम्ररी बुझाउन सहजीकरणका परिमार्जित सिप अवलम्बन, समयको उचित परिचालन गर्नु आवश्यक देखिएको ।

**ग. निष्कर्ष**

क्षेत्रीय स्तरको कार्यशाला सहजीकरण तथा जिल्ला स्तरीय कार्यशालाको अनुगमन गर्दा कार्यशाला प्रभावकारी एवं नयाँपनको भएको अनुभव गरियो । मूलतः समय, सामग्री, बसाई व्यवस्थापन जस्ता पक्षहरू उल्लेखनीय पाइयो । उपलब्ध स्रोत साधनको कुशल व्यवस्थापनबाट अधिकतम उपलब्धि हासिल गर्न सकिने तथ्य यस तहगत तालिमले प्रमाणित गरि दिएको छ । तालिम सामग्री एवं व्यवस्थापकीय पक्षमा समसामयिक सुधार गर्दै अगाडि बढेमा अगामी दिनहरूमा सञ्चालन हुने कार्यशाला थप प्रभावकारी हुने विश्वास गर्न सकिन्छ ।

## आगामी गतिविधिहरू (चैत २०७१-असार २०७२)

| क.सं. | कियाकलापहरू | महिना | स्थान |
|---|---|---|---|
| १. | ६९ जिल्लामा स्रोतकेन्द्र तथा विद्यालय स्तरीय प्रशिक्षक प्रशिक्षण । | चैत, २०७१-जेठ, २०७२ | ६९ जिल्लाहरूमा । |
| २. | छनौटमा परेका पाँच तथा अन्य जिल्लाहरूमा सञ्चालित जिल्ला तथा विद्यालय स्तरीय प्रशिक्षक प्रशिक्षणको संयुक्त अनुगमन । | चैत, २०७१-जेठ, २०७२ | डडेलधुरा, संखुवासभा, कालिकोट, भक्तपुर कपिलवस्तु जिल्ला तथा अन्य । |
| ३. | इन्डोनेसियामा Counter part तालिम । | वैशाख, २०७२ | इन्डोनेसिया । |
| ४. | नमुना र परिक्षणमा परेका जिल्लाहरूको अनुगमन । | वैशाख-जेठ २०७२ | धादिङ, रसुवा, रूपन्देही, डोटी, जुम्ला र सोलुखुम्बु जिल्लामा । |
| ५ | नेपाल सरकार तथा जाईकाको संयुक्त टोलीबाट मध्यावधि मूल्याङ्कन । | वैशाख-जेठ २०७२ | काठमाण्डौ |